**सशस्त्र प्रहरी कर्मचारीहरुले कुटनैतिक नियोग तथा विभिन्न राजनैतिक नेतृत्वसँग भेटघाटको क्रममा पालना गर्नुपर्ने आचरण सम्बन्धी स्थायी आदेश २०७९ मा भएका मुख्य व्यवस्था**

- सरकारी कामकाजको प्रयोजनमा भेटघाट तथा सम्पर्क गर्दा स.प्र.क.को नाममा जारी गरिएको रवाना पत्र वा तोक आदेश साथमा लिई जानुपर्ने छ।
- कुटनैतिक भेटघाटका सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट जारी गरिएको कुटनीतिक आचारसंहिता, २०६८ मा उल्लेख भएअनुसारको प्रक्रिया पूरा गर्नुपर्ने छ।
- स.प्र.बल, नेपालको तर्फबाट सांगठानिक अनौपचारिक तथा व्यक्तिगत भेटघाट तथा सम्पर्कको लागि उक्त आदेशमा उल्लेख गरिए बमोजिमको ढाँचामा सिलसिलेवार निवेदन पेश गरी स्वीकृति लिनुपर्ने र भेटघाट पश्चात् सो को संक्षिप्त विवरण सिलसिलेवार सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा जानकारी गराउनुपर्ने छ।
- विभिन्न संचार माध्यमहरुमा सम्पर्क तथा सूचना आदानप्रदान गर्नुपरेमा सशस्त्र प्रहरी प्रवक्ता वा सूचना अधिकारीबाट मात्र गर्नुपर्ने छ ।
- मातहत इकाईका सूचना अधिकारीहरुले सशस्त्र प्रहरी बल, नेपालको परिचालन सम्बन्धमा सूचना प्रवाह गर्नुपरेमा सशस्त्र प्रहरी प्रवक्तासँग समन्वय गरेर मात्र सूचना प्रवाह गर्नुपर्ने छ।
- सशस्त्र प्रहरी प्रवक्ता, सहायक प्रवक्ता तथा सूचना अधिकारीहरु बाहेक अन्य सशस्त्र प्रहरी कर्मचारीले संचारमाध्यममा कुनैपनि सूचना संप्रेषण गर्नुपरेमा वा अन्तरवार्ता दिनुपरेमा स्थायी आदेशमा जारी गरिए अनुसारको निवेदन दिई सशस्त्र प्रहरी प्रवक्ता मार्फत सशस्त्र प्रहरी महानिरीक्षकको स्वीकृति लिनुपर्ने छ।
- उपरोक्त प्रक्रिया पूरा नगरी भेटघाट तथा सम्पर्क गरेको पाइएमा सशस्त्र प्रहरी नियमावली बमोजिम कारवाही हुनेछ।
- सशस्त्र प्रहरी कर्मचारीहरुले सांगठानिक तथा व्यक्तिगत विषयमा कुनैपनि पीरमर्का, गुनासो तथा सुझावहरु भएमा बाह्य व्यक्ति तथा निकायहरुमा सम्पर्क नगरी सशस्त्र प्रहरी प्रवक्ताको मोबाईल नम्बर ९८५१२७२००७, सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा कार्यरत सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकको मोवाईल नम्बर ९८५१२६०७३६, ईमेल spokesperson@.apf.gov.np वा सशस्त्र प्रहरी बल नेपालको वेभसाईट www.apf.gov.np मा रहेको गुनासो/सुझाव फारम भरी दिन सकिने व्यवस्था रहेको छ।